☎ ०७८-५७५३९६

# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्तापूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं.:
च.नं.:

मिति: २०७९/०५/२६

देवचुली नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रगतिनगर, नवलपरासी (ब.सु.पू.) गण्डकी प्रदेश

**स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका निर्वाचनमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश नगर्ने उम्मेदवारहरुलाई सफाई सहितको स्पष्टिकरण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

प्रस्तुत विषयमा जिल्ला निर्वाचन कार्यालय, नवलपरासी (ब.सु.पू.) को च.नं.३८, मिति २०७९/०५/२३ गतेको पत्रानुसार स्थानीय तह निर्वाचन २०७९ मा यस नगर कार्यपालिकाका उम्मेदरवारहरुले निर्वाचनमा गरेका खर्चको विवरण निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिनको समयावधि भित्र निर्वाचन खर्च विवरण नबुझाउने उम्मेदवारहरुलाई तोकिएको समयावधिभित्र के कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाएको हो ? तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईहरुलाई (उम्मेदरवारहरुलाई) निर्वाचन ऐन २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो ? भनी सोही ऐन बमोजिम आफ्नो सफाई सहितको स्पष्टिकरण गोरखापत्रमा सूचना प्रकाशित भएको मिति २०७९/०५/२३ ले ७ (सात) दिन भित्र जिल्ला निर्वाचन कार्यालयमा पेश गर्न आयोगबाट प्राप्त तपसिल बमोजिमका उम्मेदरवारहरुको नाम सहितको विवरण यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको हुँदा सूचना पाटी र यस कार्यालयको वेवसाइट www.devchulimun.gov.np मा समेत हेर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत